ठूलीभेरी नगरपालिकाको १७ औ नगरसभा २०८३ असार ०८ गते
बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक
नगर उपप्रमुख छिरिङ्ग टोल्मा महतज्यूले पेश गर्नुभएको

आर्थिक वर्ष २०८३/८४ को

# राजश्व र व्ययको अनुमान

(बजेट)

ठूलीभेरी नगरपालिका
डोल्पा
२०८३

प्रस्तुतकर्ता: तेजेन्द्र बहादुर रोकाय वडाध्यक्ष एवं नगरसभा सदस्य

## आगामीआ.व.२०८३/८४ को राजश्व र व्ययको अनुमान

सभाध्यक्षज्यू

सभाध्यक्षज्यूको अनुमतीले म यस नगरपालिकाको आगामी आ.ब २०८३।८४ को अनुमानित बजेट तथा कार्यक्रम पेश गर्न गइरहेको छु।नागरिकका अनगिन्ती विकासको चाहाना र छिटो विकासको चाहानालाई सीमित स्रोत र साधनले सम्बोधन गर्न चुनौतीपूर्ण रहेको बिषय सबैमा जगजाहेर छ। हाम्रा अधिकतम प्रयास नागरिकको सुख र सन्तुन्ष्टि तर्फ लक्षित छ। हिजो निर्वाचित जनप्रतिनिधको रुपमा हामी आउदै गर्दा र आजको वर्तमान अवस्था हेर्दा पक्कै पनि आशावादी हुने स्थानमा हामीले पुर्याएका छौ।नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम यस गरिमामय नगर सभामा आर्थिक वर्ष २०८३/८४ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ।यस बजेट तर्जुमा गर्ने क्रममा नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र, दिगो विकासका लक्ष्य, संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, नगरपालिकाको आवधिक योजना, नगर सभाबाट पारित नीति तथा कार्यक्रम, स्रोत तथा साधनको उपलब्धता, नागरिकका आवश्यकता र अपेक्षालाई आधार बनाइएको छ।सीमित स्रोत र साधनबीच नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने, पूर्वाधार विकासलाई गति दिने, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी, सुशासन, सामाजिक सुरक्षा तथा वातावरण संरक्षणलाई प्राथमिकतामा राखी प्रस्तुत बजेट तर्जुमा गरिएको छ।

# सोंच, लक्ष्य, उद्देश्य, प्राथमिकता र अपेक्षित उपलब्धिः

**सोंचः समृद्द नगर, सुखी नगरबासी ।**

**लक्ष्यः**पूर्वाधार जन्य गरिबी, आर्थिक गरिवी, सोचाइमा रहेको गरिबी तथा वेरोगारी घटाउनु।

**बजेटको उद्देश्यहरुः**

१ रोजगारी सृजना गर्ने,

२ गुणस्तरीय सामाजिक विकास र सामाजिक सुरक्षाको प्रत्याभुत गर्ने,

३ कृषिमा व्यवसायिकताको विकास गर्ने,

४ भौतिक पूर्वाधार निर्माणमा जोड दिने,

५ सुशासन कायम गरी आम नागरिकमा परिवर्तनको अनुभुति दिलाउनेआदि ।

**बजेटका प्राथमिकताका क्षेत्रहरुः**

१ कृषि क्षेत्रको विकास

२ गुणस्तरीय शिक्षा,स्वास्थ्य र खानेपानी

३ सेवा प्रवाहमा सुधार

४ नगरस्तरीय सडकहरुको स्तरउन्नति

५ संस्थागत विकास

६ फोहरमैला तथा विपद् व्यवस्थापन

**सभाध्यक्ष महोदय,**

बजेटले लिएको उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्रस्ताव गरेको छु।

1. प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को राजश्व तथा व्ययको वार्षिक अनुमान (बजेट) ले समृद्ध, समुन्नत, सुशासित तथा समावेशी नगर निर्माणको दीर्घकालीन लक्ष्यलाई आत्मसात गरेको छ। सीमित स्रोत, बढ्दो जनअपेक्षा तथा चुनौतीपूर्ण आर्थिक अवस्थाबीच उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यका साथ यो बजेट तर्जुमा गर्ने व्यवस्था मिलाएको छु।यस बजेटले कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सडक तथा पुल, पर्यटन, उद्यमशीलता, रोजगारी, सूचना प्रविधि, वातावरण संरक्षण, विपद्

व्यवस्थापन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, आदिवासी–जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको सशक्तीकरणलाई उच्च प्राथमिकतामा राखेको छ।

2. आर्थिक वर्ष २०८३/८४ को प्रस्तुत राजश्व तथा व्ययको वार्षिक अनुमान (बजेट), बजेट वक्तव्य, आय–व्यय विवरण तथा वार्षिक कार्यक्रमलाई स्वीकृत गरी कार्यान्वयनका लागि नगर कार्यपालिकालाई आवश्यक अधिकार प्रदान गर्ने व्यवस्था मिलाएको छ।

3. वजेट कार्यान्वयनका क्रममा वित्तीय अनुशासन, सुशासन, पारदर्शिता, जवाफदेहिता, मितव्ययिता, सार्वजनिक खरिद प्रणालीको पूर्ण पालना तथा परिणाममुखी कार्यसम्पादन सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाएको छु

4. आन्तरिक आय अभिवृद्धिका सम्भावनाहरूको पहिचान, कर प्रशासनको सुदृढीकरण, राजस्व चुहावट नियन्त्रण तथा करदातामैत्री प्रणालीको विकास गर्दै नगरपालिकाको वित्तीय आत्मनिर्भरता क्रमशः वृद्धि गर्न र विकास आयोजनाहरू तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न नियमित अनुगमन, मूल्याङ्कन तथा आवश्यक समन्वयलाई प्रभावकारी वनाउने छु।

5. संघ, प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा समुदायसँग आवश्यक समन्वय र सहकार्य गरी स्रोत परिचालनलाई थप प्रभावकारी वनाउन र वजेट कार्यान्वयनका क्रममा आवश्यकता अनुसार प्रचलित कानुनबमोजिम रकमान्तर, स्रोत व्यवस्थापन, कार्यक्रम समायोजन तथा प्राविधिक संशोधन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने व्यवस्था मिलाएको छु

6. विस्तृत संभाव्यता अध्ययन, जग्गा प्राप्ति लगायतका पूर्व तयारी पूरा भई कार्यान्वयनमा जान सक्ने आयोजनालाई मात्र कार्यक्रममा समावेश गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

7. उपभोक्ता समिति मार्फत वा ठेक्का प्रक्रिया जुनसुकै विधिवाट आयोजनाको कार्यान्वयन गरेपनि कार्तिक मसान्तभित्र सम्झौता गरिसक्नुपर्ने व्यवस्था र वैशाख मसान्त भित्र कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था गरी कडाइका साथ लागु गर्ने नीति लिइएको छु ।

8. आन्तरिक स्रोतको न्यूनता र सिलिङ्ग तोकिएको राजश्व वाँडफाँड, वित्तीय समानीकरणको वजेट पनि पुरा रुपमा प्राप्त नभइरहेको सन्दर्भमा चालु खर्च माथि परेको भारलाई घटाउन नगरको आफ्नै सवारी साधन नभएको अवस्थालाई मध्येनजर गरी नगर प्रमुख र उपप्रमुखको हकमा " कर्णाली

प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७७ " को अनुसुची २ बमोजिम नै यातायात खर्च वापत एकमुष्ट रुपमा नगद सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ भने यातायातको साधन हुने र नहुने वडा अध्यक्षहरुको हकमा मासिक २५ लि पेट्रोल बराबरको रकम पदाधिकारीको सेवा सुविधा सँगै भुक्तानी दिने व्यवस्था मिलाएको छु ।

9. विकास निर्माण कार्यमा एक्साभेटर माग गर्ने व्यक्ति वा संस्थालाई साधन उपलब्ध गराउने र इन्धन स्वयम व्यक्ति वा संस्थाले व्यहोर्ने व्यवस्था मिलाएको छु र नगरपालिका संग नियमानुसार संम्झौता गरेर मात्र एक्साभेटर भाडामा दिने व्यवस्था मिलाएको छु।

## यस सम्मानित १७ औं नगरसभाका सभाध्यक्षज्यू

यस नगरपालिकाका नगर प्रमुखबाट यस सम्मानित सभामा पेश भएको आ ब २०८३।८४ को नीति तथा कार्यक्रम यस सम्मानित नगरसभाबाट सर्वसम्मतीले पारित भइसकेको ब्यहोरा यस सम्मानित सदनलाई अवगत नै छ । पारित नीति तथा कार्यक्रममा आधारित रही यो बजेट तथा कार्यक्रम तयार पारिएको व्यहोरा म यस सम्मानित सभालाई निवेदन गर्दछु ।

अनुमानित आय व्यय र स्रोत व्यवस्थापन

<u>आयतर्फ</u>

संघीयताको प्राप्तिपछि स्थानीय तहलाई प्राप्त करको अधिकार मध्येको पहिलो सम्पत्ति कर श्रावण १ गतेदेखी लागु हुने गरी नगर क्षेत्रभित्र बनेको घर वा संरचना र सो संरचनाले ओगटेको क्षेत्रफलको दोब्बर जमिनमा सम्पत्ती कर लगाउने प्रस्ताव गरेको छु ।जसबाट नगरलाई करीब रु १० लाख प्राप्त हुने अनुमान छ ।संरचना नभएको क्षेत्रमा साविकमा लगाउदै आएको मालपोत करलाई नै निरन्तरता दिइएको छु। जसबाट नगरलाई रु १५ लाख प्राप्त हुने अनुमान छ। नगरपालिका क्षेत्रभित्रका रहेका घर र जग्गाहरु वहालमा लगाउने व्यक्ति वा संस्थालाई विगतमा लगाउदै आएको १० प्रतिशतको घरजग्गा बहाल करलाई निरन्तरता दिइएको छ । कृषि प्रयोजनका लागि वहालमा लग्ने कृषकहरुको लागि २ प्रतिशत मात्र बहाल कर लाग्ने व्यवस्थालाई निरन्तरता दिइएको छु जसले कृषि कर्महरु विस्तार गर्न सहज हुनेछ भन्ने विश्वास गरिएको छ आवसीय प्रयोजनमा लगाउदै आएको १० प्रतिशत जसबाट होटल व्यवसाय र आवासमा घर जग्गा वहालमा लगाउने घरधनीलाई

राहत पुग्ने र न्यून कर भएकाले करको दायरामा आउने बानीको विकास हुने अपेक्षा राखिएको छ । सरकारी वा गैससको प्रयोजनको हकमा १० प्रतिशत कर लाग्ने गरी प्रस्ताव गरेको छु । यसरी घरजग्गावहाल करवाटनगरपालिकालाई रु ६ लाख राजश्व प्राप्त हुने अनुमान छ ।नगर क्षेत्रभित्र व्यापार व्यवसाय गरी बस्ने व्यवसायीको व्यवसाय दर्तालाई सहजीकरण गर्न चालु बर्षमा जस्तै टोल टोल र घर घरमा गइ व्यवसाय दर्ता गर्न घुम्ती सेवा सञ्चालन गरिने छ । यसबाट सवै व्यवसायीहरुमा सहजताको महसुस हुने र करको दायरा नआएका व्यवसायीहरुलाई दायरामा ल्याउन सहजीकरण पुग्ने देखिन्छ । पहिलो पटक व्यवसाय दर्ता गर्ने व्यवसायीको व्यवसाय दर्ता र दर्ता भइसकेका व्यवसायीहरुको हकमा नविकरण बापतको व्यवसाय कर लिइनेछ । जसवाट नगरपालिकालाई रु ४ लाख प्राप्त हुने अनुमान छ। नगरपालिकाले आगामी आ ब २०८१।८२ बाट घरनक्सा पासको कार्य आरम्भ गरिएको छ। घरनक्सापास वापत घरको बनोटको प्रकृति अनुसार करको दर प्रस्ताव गरेको छु।जसबाट नगरलाई रु ३ लाख प्राप्त हुने अनुमान छ। नगरपालिका र नगरपालिका अन्तरगतका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवामा लगाइने सेवा शुल्क दस्तुर सिफारिश दस्तुर लगायतवाट गत विगतमा जस्तै आगामी आर्थिक बर्षमा पनि रु ५ लाख प्राप्त हुने अनुमान गरेको छु । नगरपालिका अन्तरगतका विभिन्न ऐलानी र सार्वजनिक जग्गाहरुमा घर पसल निर्माण भएका छन् ती सबैलाई अब सम्पत्ति कर सरहको बहाल विटौरी शुल्क लिइ करको दायरामा ल्याईने छ त्यसरी कर लगाइए वापत रु १ लाख प्राप्त हुने अनुमान छ । विभिन्न प्रशासनिक दण्डसजायबाट रु ५० हजार प्राप्त हुने अनुमान छ ।नगरपालिकास्थित ठूलीभेरी नदीको ढुङ्गा गिटी वालुवाको ठेक्का नलगाइ सामान्य हिसाबले दिइदै आएकोमा हाल नगरपालिकाले नदीको वातावरणीय परीक्षणको कार्य सम्पन्न गरेकोले ढुङ्गा गिटी वालुवा जसबाट नगरलाई २० लाख प्राप्त हुने अनुमान छ ।नगरपालिकाले खरीद गरेको एक्साभेटर नगरको विकास निर्माणको काममा लगाइ नगरमा आम्दानी गर्न थालिएको छ । जसवाट आगामी आ ब मा नगरलाई रु ४० लाख आम्दानी हुने अनुमान गरेको छु ।निरन्तर नगर बस संचालनले नागरिकहरुलाई सहज यातायातमा टेवा पुगेको र आम्दानीको स्रोत समेत भएको छ।जसबाट नगरलाई ३० लाख आम्दानी हुने अनुमान गरेको छु व्यक्तिगत घटनाको रुपमा दर्ता हुने जन्म मृत्यु विवाह बसाईसराई र सम्वन्ध विच्छेद लगायतवाट रु ५० हजार प्राप्त हुने अनुमान छ आन्तरिक स्रोत वापत गत आवमा यथार्थ आम्दानी ६७ लाख प्राप्त भएको थियो । चालु

आ व मा आन्तरिक स्रोत वापत रु १ करोड हुने अनुमान गरिएकोमा आ व २०८२/०८३ को अन्त्य सम्ममा करीब ६५ लाख प्राप्त हुने संशोधित अनुमान छ । यसरी आ.व. २०८३।०८४ मा नगरपालिकाको कूल आन्तरिक आम्दानी १ करोड २ हजार हुने अनुमान गरेको छु,

केन्द्र सरकारबाट राजश्व बाँडफाँड वापत रू ९ करोड ८० लाख ८० हजार प्राप्त हुने अनुमान छ। कर्णाली प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत रू. १३ लाख प्राप्त हुने अनुमान छ। चालु आ.ब को असार मसान्तसम्म खर्च नभई नगरपालिकाको संचितकोषमा रु ५ लाख बाँकी हुने अनुमान गरिएको छ । यसरी यी सबै स्रोत र अल्या समेत गरी आन्तरिक स्रोततर्फ जम्मा रु. ११ करोड ४४ लाख हुने अनुमान गरिएको छ । त्यस्तै नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रू. ९ करोड ८१ लाख र सशर्त अनुदान चालु र पुजिंगत तर्फ रकम रू. १९ करोड ८ लाख, विशेष अनुदान तर्फ रु. १ करोड ८० लाख र समपुरक अनुदान तर्फ रु. ८५ लाख गरी जम्मा रु. ३१ करोड ५४ लाख र कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रू. १ करोड १४ लाख ५९ हजार कर्णाली प्रदेश शसर्त अनुदान चालु तर्फ रु. २० लाख ८९ हजार, सशर्त पुँजिगत अनुदान तर्फ रू. ४ करोड ९० लाख, कर्णाली प्रदेश विशेष अनुदान तर्फ रकम रु. ३५ लाख, कर्णाली प्रदेश समपुरक तर्फ रकम रु. १ करोड गरी जम्मा रु ७ करोड ६० लाख ४८ हजार प्राप्त हुने अनुमान छ सबै स्रोत गरी कुल नगरपालिकाको जम्मा बजेट रू. ५० करोड १३ लाख ३० हजार प्राप्त हुने अनुमान गरेको छु।

**ब्ययतर्फ**

कूल रकम मध्ये चालु खर्चतर्फ पदाधिकारीहरूको सुविधामा रु. ९२ लाख खर्च हुने अनुमान गरेको छु । कमर्चारी पारिश्रमिक तथा सुविधातर्फ रु. २ करोड, कार्यालय सञ्चालन सम्बन्धी खर्च रू. ५० लाख, शाखागत बजेट १ करोड, सेवा तथा परामर्श खर्च रू. ३५ लाख, अनुगमन मूल्यांकन र भ्रमण खर्च रू. ५० लाख, घरभाडा खर्च रु ३० लाख एवं विविध खर्च रू. ४० लाख, इन्धन खर्च रु. ४० लाख, कर्मचारी तालिंम खर्च रु २० लाख, पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन तर्फ रु. १८ लाख, मेशिनरी औजार मर्मत सम्भार तर्फ रु. ३० लाख अन्य रु. १७ करोड ९३ लाख ३० हजार प्रशासनिक खर्च रू. ८ करोड ७० लाख हुने अनुमान छ । जुन कूल ब्यय अनुमानको ६७.१९ % हुन आउँछ ।

Scanned with CamScanner

त्यसैगरी पूँजिगत कार्यक्रमतर्फ समपुरक कोष तर्फका कार्यक्रमका लागि रु १ करोड ८५ लाख, प्रशासनिक भवन र रोलागाड पुलको लागि रकम रु. ७० लाख, वडास्तरीय कार्यक्रमका लागि १ करोड १० लाख नगरस्तरीय विविध योजनाको लागि रु १२ करोड ८० लाख विनियोजन गरेको छु । नगरले बाँडफाँड गर्नुपर्ने रकम मध्ये पूँजिगत कार्यक्रम तर्फको कूल व्यय रकम रु १६ करोड ४५ लाख भइ कूल व्यय अनुमानको ३२.८१% हुन आउँछ ।

यसरी नगरपालिकाको आन्तरिक स्रोत, संघीय सरकारबाट प्राप्त स्रोत र प्रदेश सरकारबाट प्राप्त स्रोत गरी कूल जम्मा व्ययतर्फ रू. ५० करोड १३ लाख ३० हजार खर्च हुने अनुमान छ। उपरोक्त अनुसार हुने खर्चमध्ये चालु तर्फ ३३ करोड ६८ लाख ३० हजार भइ कूल व्यय अनुमानको ६७.१९ प्रतिशत हुन आउँछ । पुँजिगत तर्फ जम्मा बजेटको रकम रु १६ करोड ४५ लाख भइ कुल व्यय अनुमानको ३२.८१ प्रतिशत हुन आउँछ ।

वार्षिक बजेट

| शिर्षक | बजेट रु | प्रतिशत |
|---|---|---|
| जम्मा बजेट | ५०१३३००००।- | १००% |
| चालु खर्च | ३३६८३००००।- | ६७.१९% |
| पूँजिगत खर्च | १६४५०००००।- | ३२.८१% |

अन्त्यमा,

प्रस्तुत बजेटको सफल कार्यान्वयनमा नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीको सक्रिय सहयोग र रचनात्मक सहभागिताको अपेक्षा व्यक्त गर्दै प्रस्तुत बजेटलाई सम्मानित नगर सभाबाट स्वीकृत गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**छिरिङ्ग टोल्मा महत**
**संयोजक**
**बजेट तथा कार्यक्रम तर्जुमा समितिको तर्फबाट**
**तेजेन्द्र बहादुर रोकाया**
**वडाध्यक्ष वडा नं १**

**धन्यवाद।**